# काँक्रेविहार

कर्णाली प्रदेशको पहिलो दैनिक

www .kankrebihar .com

राष्ट्रिय दैनिक








❐ वर्ष : २५ ❐ अंक : २७२ ❐ मंगलवार, ३० असार, २०८३ ❐ Tuesday, 14 July 2026 ❐ नेपाल संवत ११४६ ❐ पृष्ठ : ४ ❐ मूल्य : रू. १०


# कर्णालीमा विद्युत् सेवा सुधारका लागि यान्त्रिक क्रेन उपलब्ध

*ऊर्जा मन्त्री विराजभक्त श्रेष्ठको पहलमा खरिपाटीस्थित ट्रान्सफर्मर वर्कसपको क्रेन कर्णाली पठाउने निर्णय गरिएको हो। यसबाट विद्युत् मर्मत कार्य छिटो हुने, लाइन अवरोधको समय घट्ने र सेवा थप प्रभावकारी बन्ने अपेक्षा गरिएको छ।*

❐ **काँक्रेविहार संवाददाता**

सुर्खेत, २९ असार

कर्णाली प्रदेशमा विद्युत् आपूर्तिलाई थप भरपर्दो, प्रभावकारी र दिगो बनाउन नेपाल विद्युत् प्राधिकरणलाई आवश्यक यान्त्रिक क्रेन उपलब्ध गराइने भएको छ। लामो समयदेखि विद्युत् प्रसारण लाइनमा समस्या आउँदा मर्मतका लागि आवश्यक उपकरण अभावका कारण सेवा पुनःस्थापनामा ढिलाइ हुँदै आएको अवस्थामा सरकारले यस्तो निर्णय गरेको हो। यससँगै कर्णालीका उपभोक्ताले पटक-पटक भोग्दै आएको लामो विद्युत् अवरोधको समस्या केही हदसम्म समाधान हुने अपेक्षा गरिएको छ।

ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री विराजभक्त श्रेष्ठले गत असारको दोस्रो सातामा कर्णाली प्रदेशसहित तीन प्रदेशका पाँच जिल्लाको स्थलगत अनुगमन गरेका थिए। अनुगमनका क्रममा सुर्खेतलगायत जिल्लामा बारम्बार हुने लाइन ट्रिपिङ, विद्युत् आपूर्ति अवरुद्ध हुने समस्या तथा मर्मतका लागि आवश्यक यान्त्रिक उपकरणको अभावबारे विस्तृत जानकारी लिएका थिए। त्यसक्रममा नेपाल विद्युत् प्राधिकरण कर्णाली प्रदेश कार्यालयका अधिकारीहरूले प्रदेशमा विद्युत् पूर्वाधार विस्तार भइरहे पनि मर्मतका लागि आवश्यक यान्त्रिक क्रेन नहुँदा समस्या झन् जटिल बन्दै गएको जानकारी गराएका थिए। विशेषगरी ट्रान्समिसन लाइनका पोल, ट्रान्सफर्मर तथा अन्य विद्युतीय संरचनामा समस्या आउँदा आवश्यक उपकरण अभावका कारण अन्य प्रदेशबाट क्रेन ल्याउनुपर्ने बाध्यता रहेको उनीहरूले बताएका थिए। यसका



कारण सामान्य मर्मतका कामसमेत लामो समयसम्म प्रभावित हुने गरेको थियो। मन्त्री श्रेष्ठले अनुगमनपछि तत्काल आवश्यक समन्वय अघि बढाउन निर्देशन दिएका थिए। सोही पहलस्वरूप नेपाल विद्युत् प्राधिकरणको भक्तपुरस्थित खरिपाटी ट्रान्सफर्मर वर्कसपमा रहेको यान्त्रिक क्रेन आवश्यक प्राविधिक परीक्षण तथा सर्भिसिङ सम्पन्न गरी कर्णाली प्रदेशमा पठाउने निर्णय गरिएको ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयले जनाएको छ।

हालसम्म कर्णालीमा यस्ता उपकरणको अभाव हुँदा कुनै पनि ठूला प्राविधिक समस्या समाधान गर्न लुम्बिनी वा अन्य प्रदेशबाट क्रेन मगाउनुपर्ने अवस्था थियो। यसले मर्मत कार्य ढिलो हुनुका साथै विद्युत् सेवा पुनःस्थापनामा घण्टौंदेखि दिनौंसम्म समय लाग्ने गरेको थियो। विशेषगरी वर्षायाममा पहिरो, हावाहुरी र प्राकृतिक विपद्का कारण प्रसारण लाइनमा क्षति पुग्दा उपभोक्ताले लामो समय विद्युत् अभाव झेल्नुपर्ने अवस्था सिर्जना हुने गरेको थियो। अब प्रदेशमै यान्त्रिक क्रेन उपलब्ध भएपछि प्राविधिक टोलीलाई विद्युत् संरचनामा सहज पहुँच पुग्ने, मर्मत कार्य छिटो सम्पन्न हुने तथा विद्युत् अवरोधको अवधि उल्लेखनीय रूपमा घट्ने अपेक्षा गरिएको छ। यसले कर्णाली प्रदेशका उद्योग, व्यवसाय, सरकारी कार्यालय, स्वास्थ्य संस्था, शैक्षिक संस्था तथा सर्वसाधारण उपभोक्तालाई प्रत्यक्ष लाभ पुग्ने विश्वास गरिएको छ।

ऊर्जा मन्त्रालयका अनुसार स्थानीय तहबाट प्राप्त व्यावहारिक समस्यालाई प्राथमिकतामा राखेर समाधान गर्ने नीति अनुरूप आवश्यक उपकरण व्यवस्थापनलाई तीव्रता दिइएको हो। मन्त्रालयले दुर्गम तथा भौगोलिक रूपमा विकट प्रदेशहरूमा विद्युत् सेवाको गुणस्तर सुधार गर्न आवश्यक जनशक्ति, उपकरण र पूर्वाधार व्यवस्थापनलाई आगामी दिनमा पनि निरन्तरता दिने जनाएको छ।

मन्त्रालयले विद्युत् सेवा नागरिकको आधारभूत आवश्यकता भएकाले सेवा प्रवाहलाई थप प्रभावकारी, भरपर्दो र छिटो बनाउने लक्ष्यका साथ काम भइरहेको जनाएको छ। कर्णालीमा यान्त्रिक क्रेन उपलब्ध भएपछि विद्युत् मर्मत प्रणाली थप व्यवस्थित हुने, आकस्मिक अवस्थाको छिटो व्यवस्थापन गर्न सकिने र उपभोक्ताले गुणस्तरीय विद्युत् सेवा पाउने विश्वास गरिएको छ। साथै प्रदेशमा विद्युत् पूर्वाधारको दीर्घकालीन सुधार तथा सेवा प्रवाहमा उल्लेखनीय सकारात्मक प्रभाव पर्ने अपेक्षा गरिएको मन्त्रालयको भनाइ छ।

# सञ्चारगृहमा शंकास्पद गाडी राखिएको बारे विरोधमा उत्रियो रास्वपा




❐ **काँक्रेविहार संवाददाता**

काठमाडौं, २९ असार

त्तारूढ राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले विभिन्न सञ्चारमाध्यमका कार्यालय बाहिर पहिचान नखुलेका सवारीसाधन शंकास्पद रूपमा राखिएको घटनाप्रति गम्भीर ध्यानाकर्षण भएको जनाएको छ।

सोमबार महामन्त्री विपिनकुमार आचार्यद्वारा जारी विज्ञप्तिमा सञ्चारमाध्यम र पत्रकारलाई मनोवैज्ञानिक दबाबमा राख्ने उद्देश्यले गरिएका यस्ता शंकास्पद गतिविधि लोकतान्त्रिक मूल्य-मान्यताको ठाडो उल्लंघन भएको उल्लेख गरिएको छ।

रास्वपाले स्वतन्त्र प्रेस, नागरिकको सुसूचित हुन पाउने मौलिक अधिकार र स्वतन्त्र पत्रकारिताको पक्षमा पार्टी सधैं दृढतापूर्वक उभिएको उल्लेख गर्दै कुनै पनि बहानामा सूचना तथा सञ्चार स्वतन्त्रतामाथि हस्तक्षेप गर्ने, सञ्चारगृहमा त्रासको वातावरण सिर्जना गर्ने तथा लोकतन्त्रको चौथो अंगलाई संकुचित पार्ने प्रयास स्वीकार्य नहुने स्पष्ट पारेको छ।

विज्ञप्तिमा स्वतन्त्र र भयरहित पत्रकारिता लोकतन्त्रको 'प्राणवायु' भएको उल्लेख गर्दै प्रेस क्षेत्रलाई त्रसित बनाउने उद्देश्यबाट गरिएका सबै प्रकारका गतिविधिको भर्त्सना गरिएको छ।

रास्वपाले घटनाको तत्काल, निष्पक्ष र सत्यतथ्य छानबिन गरी सञ्चारमाध्यमको भौतिक तथा मनोवैज्ञानिक सुरक्षा सुनिश्चित गर्न तथा संलग्न व्यक्तिको पहिचान गरी कानुनबमोजिम कारबाही गर्न नेपाल सरकार, गृह मन्त्रालय र सम्बन्धित सुरक्षा निकायसँग माग गरेको छ।

यसका साथै पार्टीले सञ्चारकर्मीलाई कुनै पनि दबाब वा त्रासमा नपरी सत्यतथ्यमा आधारित पत्रकारितालाई निरन्तरता दिन आग्रह गर्दै सञ्चारकर्मीको सुरक्षा र पूर्ण प्रेस स्वतन्त्रताको पक्षमा सधैं उभिने प्रतिबद्धता पनि व्यक्त गरेको छ।

# कालिकोटमा बढ्दै एचआईभी सङ्क्रमित

❐ **काँक्रेविहार संवाददाता**

कालीकोट, २९ असार

पछिल्लो पटक कालिकोटमा एचआईभी सङ्क्रमितको संख्या ७५ पुगेको छ।

कालिकोटस्थित एन्टि रेट्रोभाइरल थेरापी (एआरटी) का अनुसार अन्यत्र जिल्लाबाट यहाँ बसाइ आएका एचआइभी सङ्क्रमितको संख्या १८ रहेको छ। हालसम्म एचआइभी सङ्क्रमितको कूल दर्ता संख्या ७५ रहेको छ।

जिल्लामा सबैभन्दा बढी सङ्क्रमित नरहरिनाथ गाउँपालिकाका रहेको शाहीले जानकारी दिए। उनका अनुसार नरहरिनाथ गाउँपालिकामा ३२ जना सङ्क्रमित रहेका छन्, जसमा




१३ पुरुष, १६ महिला, एक बालक र दुई बालिका रहेका छन्।

खाँडाचक्रमा-१०, तिलागुफामा- तीन, रासकोटमा नगरपालिकामा- दुई शुभकालिका दुई, सान्नीत्रिवेणमा चार पचालझरनामा एक पलाँता गाउँपालिकामा तीन जना सङ्क्रमित रहेको फोकल पर्सन शाहीले बताए।

'जिल्लामा अहिले निःशुल्क एआरटी सेवा उपलब्ध गराउँदै आएको छ', उनले भने, 'समयमै परीक्षण, नियमित औषधि सेवन र चिकित्सकीय परामर्शले सङ्क्रमित व्यक्तिको स्वास्थ्य अवस्था राम्रो राख्न महत्वपूर्ण भूमिका रहेको छ।'

कालिकोटमा एचआईभी सङ्क्रमितको संख्या ५७ पुग्नुले समुदायस्तरमै थप सतर्कता, नियमित परीक्षण, सुरक्षित यौन व्यवहार र कलंकमुक्त समाज निर्माणको आवश्यकता रहेको जिल्ला स्वास्थ्य सेवा कार्यालय कालीकोटले जनाएको छ।

# बर्खामा यातायात सञ्चालन गर्न कल्भर्ट र पक्की पुल निर्माण

❐ **काँक्रेविहार संवाददाता**

काठमाडौं, २९ असार

बागलुङको सबैभन्दा विकट पालिका मानिन्छ तमानखोला गाउँपालिका । यहाँ एक गाउँदेखि अर्को गाउँ पुग्न थुप्रै पहाड र खोला पार गर्नुपर्छ । हिउँदको समयमा जसोतसो आवतजावत गरे पनि बर्खाको समयमा कठिन हुन्छ ।

गाउँपालिकाको केन्द्र बोङ्गादोभानदेखि वडा कार्यालय पुग्न घण्टौं लाग्छ । बर्खाको समयमा विभिन्न खोलाहरूमा पुल नबन्दा नागरिकले सास्ती



खेप्दै आएका छन् ।

गाउँपालिकाले बाह्रै महिना सवारीसधान सञ्चालन गर्नका लागि लाखौं रुपैयाँ खर्च गरेर ठाउँठाउँमा पुल तथा कल्भर्ट निर्माण गरे पनि अझै धेरै स्थानमा बनाउन बाँकी छ ।

पालिकाले यसवर्ष मात्रै छ वटा खोलामा कल्भर्ट र पक्की पुल निर्माण गरेको छ । तर अझै पनि वडा नम्बर ३, ४ र ६ वडामा बर्खामा पालिका केन्द्रबाट सिधा यातायात सञ्चालन हुँदैनन् ।

एक करोड ७० लाख खर्चे घट्टबोघाट, बाँकी पृष्ठ २

## सम्पादकीय

# सुरक्षित राजमार्ग बनाऔं

कर्णाली राजमार्ग आज विकासको प्रतीकभन्दा बढी मृत्युको मार्गका रूपमा चिनिन थालेको छ । इतिहास हेर्दा कर्णाली राजमार्ग रगतले रङ्गिएको सडक बनेको छ । दैलेखको किटु, कालीकोटको सेराबाडा, सिस्नेडाँडा, ताडीभीर, टिमुरे, हुल्मजीतेदेखि सांगेतडासम्मका भीर हरूले सयौं निर्दोष नागरिकको ज्यान लिइसकेका छन् । दुर्घटनाका कारणहरू पनि वर्षौंदेखि उही छन । साँघुरो सडक, जोखिमपूर्ण मोड, एक लेनको बाटो, जीर्ण कालोपत्र, पुराना सवारी, ओभरलोड, तीव्र गति र कमजोर ट्राफिक व्यवस्थापन, यी कुनै पनि कारण नयाँ होइनन् । सम्बन्धित निकायलाई सबै जानकारी छ । तर समस्या समाधान गर्ने इच्छाशक्ति भने देखिएको छैन । झन् दु:खद पक्ष त विकास निर्माणमा भएको लापरबाही हो । तीन वर्षमा ६७ करोड रूपैयाँ सडक मर्मतमा खर्च भएको देखिन्छ । तर सडकको अवस्था झन् नाजुक हुँदै गएको छ । आखिर यो रकम कहाँ खर्च भयो ? जनताले यसको जवाफ पाउनुपर्छ ।

निर्माण व्यवसायीको गैरजिम्मेवारी अर्को ठूलो समस्या बनेको छ । वर्षौंसम्म ठेक्का लिएर काम नगर्ने, सडक अलपत्र छाड्ने र अन्ततः ठेक्का रद्द गर्ने प्रवृत्ति सामान्य बनेको छ । यदि सरकारले समयमै कानुनी कारबाही, कालोसूची र क्षतिपूर्ति असुलीको प्रक्रिया कडाइका साथ लागू गरेको भए आज दर्जनौं आयोजना यति वर्षसम्म रूग्ण हुने थिएनन् । सार्वजनिक निर्माणमा दण्डहीनताको संस्कृति अन्त्य नगरेसम्म कर्णालीका सडक सुरक्षित बन्न सक्दैनन् । सडक सुरक्षाका नाममा जडान गरिएका 'सेप्टी बार'को अवस्था पनि उस्तै दयनीय छ । एक अर्बको लगानीमा राखिएका फलामे बारहरू कतै भाँचिएका छन्, कतै जीर्ण छन् । कतिपय स्थानमा त तिनले सडक झन् साँघुरो बनाइदिएका छन् । पैदलयात्रीलाई हिँड्ने ठाउँसमेत नहुँदा जोखिम अझ बढेको छ । यसले योजनाको गुणस्तर, डिजाइन र नियमित मर्मतसम्भारप्रतिको सरकारी बेवास्ता स्पष्ट देखाउँछ । कर्णाली राजमार्ग केवल एउटा सडक होइन, लाखौं नागरिकको शिक्षा, स्वास्थ्य, व्यापार, कृषि र दैनिक जीवनसँग जोडिएको जीवनरेखा हो । तर यही जीवनरेखा आज नागरिकका लागि भयको पर्याय बनेको छ । यात्रुहरू गन्तव्य पुग्नेभन्दा सकुशल फर्किने चिन्तामा यात्रा गर्न बाध्य छन् । यस्तो अवस्था कुनै पनि लोकतान्त्रिक राज्यका लागि स्वीकार्य हुन सक्दैन । अब सरकारले दुर्घटना भएपछि राहत घोषणा गर्ने, शोक व्यक्त गर्ने र छानबिन समिति बनाउने परम्परागत शैली त्याग्नुपर्छ । कर्णाली राजमार्गलाई तत्काल दुई लेनमा स्तरोन्नति गर्ने दीर्घकालीन योजना, जोखिमयुक्त मोड सुधार, गुणस्तरीय कालोपत्र, प्रभावकारी ट्राफिक व्यवस्थापन, नियमित प्राविधिक अनुगमन, आधुनिक उद्धार संयन्त्र र निर्माण व्यवसायीमाथि कडा कानुनी कारबाही अब विकल्प होइन, अनिवार्य आवश्यकता हो । कर्णालीका नागरिकले वर्षौंदेखि विकासको नाममा आश्वासन मात्र सुन्दै आएका छन् । यदि राज्य अझै पनि दुर्घटनाको संख्या बढेपछि मात्रै जाग्ने हो भने प्रत्येक वर्ष कर्णालीका भीरहरूले निर्दोष नागरिकको ज्यान लिइरहनेछन् । त्यसैले अब प्रश्न एउटै छ, कर्णाली राजमार्गलाई सुरक्षित बनाउने कि यसलाई मृत्युको राजमार्गकै रूपमा स्वीकार गर्ने? यसको जवाफ अब सरकारसँग मात्र होइन, राज्यको समग्र विकास दृष्टिसँग जोडिएको छ ।

# छेडागाडको सेवा प्रवाहमाथि उठेका गम्भीर प्रश्न



✍ खेम प्रसाद आचार्य

छेडागाड नगरपालिकाले सार्वजनिक सेवा प्रवाह भन्ने शब्दको प्रयोग माथि सदैव प्रश्न चिन्ह खडा हुनेछ । एक गरिब विपन्न विद्यार्थी जसोतसो विश्वविद्यालयमा अध्ययनको लागि अहोरात्र मेहनत गर्दछ । जसले सम्बन्धित विषयमा अध्ययन अनुसन्धानको लागि विश्वविद्यालयले अवसरहरू सिर्जना गर्दा विश्वविद्यालयको पत्र बोकेर अध्ययन र अनुसन्धान गर्नका निमित्त आफ्नै पालिकामा जान्छ । तर त्यहाँ बेग्लै अनुसन्धानको पाटो देख्छ। र उसले शीर्षक राख्छ । छेडागाड नगरपालिका को सार्वजनिक प्रशासन खुल्ला छाडा चौपाया, न्यायिक समितिको सक्रियता सुन्ने । कर्मचारी तल्लव र भत्ता खाने छेडागाड नगरपालिका को तर बस्ने वीरेन्द्रनगर नगरपालिका सुर्खेत मा यो प्रविधिको यथार्थ परक रूपमा जानकारी यसरी हुन्छ ।

करिब बिहान को १० बजेको समय थियो एउटा विद्यार्थी झोलामा विश्वविद्यालयको पत्र बोकेर छेडागाड नगरपालिका को प्रमुख प्रशासकीय अधिकृतको कार्यकक्षतिर लाग्छ । किनकि विश्वविद्यालयले पत्रमा श्री प्रमुख प्रशासकीय अधिकृतज्यू भनी सम्बोधन गरेको हुनाले उसले सर्वप्रथम प्रमुख प्रशासकीय अधिकृतको कार्यकक्षबाट स्वीकृति लिई आफ्नो अध्ययन अनुसन्धानलाई अगाडि बढाउने जमर्को गर्दै मगभ उचयअभकक द्वारा अगाडि बढ्ने सोच बनाउँछ । र प्रमुख प्रशासकीय अधिकृतको कार्यालयतिर लाग्छ ।

प्रमुख प्रशासकीय अधिकृतको कार्यालयमा जाँदा प्रमुख प्रशासकीय अधिकृत बाहिर भने लेखिएको थियो । तर कार्यालयको ढोका खुल्लै देख्छ । यसको नजिकै नगर प्रमुख तथा उपप्रमुखको कार्यकक्ष समेत खुल्ला नै रहेको थियो। तर कार्यालयमा कसैलाई नदेखेपछि ऊ भौतारिँदै स्थानीयहरूलाई सोध्न थाल्छ, प्रशासकीय अधिकृतको कार्यकक्ष म कोही पनि हुनुहुन्न कता जानुभयो होला ? त्यत्तिकैमा सूचना अधिकारीको कार्यकक्षमा प्रवेश गर्दछ । र त्यहाँ समेत कुर्सी र टेबल बाहेक केही पनि देख्दैन र छेवैमा रहेको सूचना अधिकारीको नम्बरमा जना अधिकारीलाई फोन गर्दै जानकारी गराउन थाल्छ ।

कार्यालयमा किन कर्मचारीहरू हुनुहुन्न कता जानुभयो ? सूचना अधिकारी ज्यूको जवाफ थियो । आर्थिक वर्षको अन्तिम भएकाले हिजो राति एक बजेसम्म काम गरेको हुनाले सुत्नुभएको होला आउनुहुन्छ बिस्तारै?? यो उत्तर कतिसम्मको जायज छ वा छैन यसको जवाफ जिम्मेवार निकायले नै दिनुपर्ने हुन्छ । उक्त फोन कल पछि प्रशासकीय प्रमुख ज्यू को उपस्थिति भयो र उहाँको सल्लाह अनुसार माधव बुढा सर समक्ष जान आग्रह गर्नुभयो । तर उक्त ठाउँमा माधव बुढाको उपस्थिति थिएन । त्यत्तिकैमा एकजना व्यक्तिले यो त न्यायिक समितिको विषयमा तिला मेडम लाई थाहा हुन्छ भनेर उहाँलाई फोन कल र वार्ता गर्न थाल्नुभयो। म भने पूर्ण प्रशासन प्रमुख गंगाबहादुर रोकाय समक्ष नै गए । उहाँको सल्लाह अनुसार विभिन्न कर्मचारीहरू समक्ष जान भने तापनि त्यहाँ उपस्थिति विहिनताको अवस्थामा सोही कार्यालयमा रहेका एकजना कर्मचारी ले उस लाइ प्रश्न गर्दै भन्नुभयो ।

१) तपाईं गलत समयमा आउनुभयो,

२) असार मसन्त लागेको छ कर्मचारी बिजी हुनुहुन्छ ।

३) तपाईंको यो कार्य को लागि समय लाग्छ तत्काल गर्न मिल्दैन ।

तेती मात्र नभएर उहाँ हरुले त्यो विध्यार्थी माथि गरेको व्यावहार त्यो हेपावट प्रवृत्ति, त्यो सार्वजनिक प्रशासनको उपाय जस्तो दृश्य परिदृश्य, जसले सर्वसाधारण र आम छेडागाडबासी जनताले के सिक्ने, एउटा सर्वसाधारणलाई गर्ने व्यवहार सरकारी कर्मचारीले त्यही हो । यो सम्बन्धित नीति नियमले बताउला । कर्मचारी आचार संहिता र कर्मचारीमा हुनुपर्ने गुणले बताउला, यो अरुले खण्डन गरेर यो भनेर भन्दिने विषय होइन ।

कुरा त के हो भन्दाखेरि जनताले तिरेको कर माथि रजाई गरी ब्युरोक्रेसी को आडमा प्रभुत्व जमाइरहेका जे गरे पनि भइहाल्छ भनेर अशिक्षित जनतामाथि अपमानको राजनीति गरेका ती नेता तथा कर्मचारीहरु के वास्तवमै प्रशासनिक कानुन तथा राजनीतिक आचार संहिताले यही मार्ग निर्दिष्ट गर्छ त यो प्रश्नको विषय बन्दछ । के छेडागाड नगरपालिकाले गरिब विपन्न र जेनदार विद्यार्थी जो त्यहाँको स्थानीय हुन्छन् आफ्नो सुनौलो भविष्य बनाउन सहर जान्छन् । र आफ्नो स्थानीय सरकारको विषयमा केही अध्ययन अनुसन्धान गर्न चाहन्छन् स्थानीय न्यायिक समितिको विषयमा जान्न चाहन्छन् । त्यस्ता विद्यार्थीहरूलाई गर्ने व्यवहार यही हो त यो प्रश्न सदैव खडा रहनेछ। जनताको मत लिएर पाँच वर्ष राज गर्न पाउने जनप्रतिनिधि कार्यक्रमको उद्घाटन र समापन गर्ने काम मात्रै हो कि अन्य शैक्षिक क्षेत्र सुधारका निमित्त त्यस्ता विद्यार्थीहरूलाई हौसला र साथ दिइ उनीहरूका सामान्य मागहरुलाई पूर्ति गर्नु हो । यो विषय सम्बन्धित निकाय र व्यक्तिले नै जानुपर्ने हो । को नगरपालिका मा रहेका कर्मचारीहरूले आफ्नो प्रभुत्व जमाउने थलो बनाउने मात्रै हो ।

यो त प्रशासनिक पाटो भयो । बाँकी कुरो त स्थानीय तहमा रहेको न्यायिक समिति जसले नेपालको संविधान २०७२ को धारा २१७ तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ४७ बमोजिम बमोजिमको क्षेत्राधिकारभित्र रही दैनिक रुपमा आइपरेका विवादहरू समाधान गर्नका निमित्त गठित गरिएको न्यायिक समिति को काम कारबाहीको कुरा गर्ने हो भने त नमुनाको रूपमा कार्यालय खडा गरिएको छ तर त्यहाँका कर्मचारी तलब नगरपालिकाको खाने र वीरेन्द्रनगर नगरपालिका सुर्खेतमा बस्ने एकजना जनप्रतिनिधि न्यायिक समितिको सदस्य रहेका रहेछन् उनलाई सोध्दा यो विषयमा मलाई जानकारी भएन भनी व्यवस्थाको पराकष्ट देखियो ।,

न्यायिक समितिको कार्यकक्ष समस्या लिएर गएका स्थानीयले कुर्सी बाहेक अरु केही देख्दैनन् र कहाँ जाने के गर्ने भन्ने कुरामा अलमल्ल पर्दछ यस्ता प्रवृत्तिले स्थानीय स्तरमा परेका समस्याहरू को गुनासो सुनाउनका निमित्त आएका स्थानीयहरू कहाँ सुनाउने, उहाँहरूलाई थाहा नै छैन त्यो चेतनाको अभाव बनाउनका निमित्त उहाँहरूका यस्ता विविध कदमहरू ले नै महत्त्वपूर्ण भूमिका खेलेका छन् जस्तो लाग्यो। स्थानीय स्तरमा विवाह समाधान गर्नका निमित्त संविधानले नै परिकल्पना गरेको न्यायिक समितिको यो हविगत देख्दा विश्वविद्यालयबाट स्थानीय तहमा रहेको न्यायिक समितिको काम कारबाहीको अवस्था को विषयमा अध्ययन अनुसन्धान गर्न गएका उक्त विद्यार्थी जसरी गएका थिए त्यसरी नै फर्किए न त उनले अध्ययन गर्न पाए न त उनले अनुसन्धान गर्न पाए । उल्टो उनीले पाए त केवल प्रशासनिक हेपावट प्रवृत्ति जसले गर्दा उनले यो लेख्न बाध्य भए। आज पनि नगरपालिकाप्रति सदैव उठिरहने प्रश्न भ्रष्टाचार अनियमितता र प्रशासनिक तथा राजनीतिक बर्जस्वले गर्दा स्थानीय बासिन्दाहरू अशिक्षित र अन्धविश्वासमा आधारित भएका कारणले गर्दा उनीहरुमाथि रजाई गरिरहेका जानीय शासन चलाइरहेका सबैको मिलेमतोमा देखावटी प्रवृत्तिमा काम गरेजस्तो गर्दै, हजारौं क्षेत्रमा अनियमितता पर्याप्त रहेका कारणले गर्दा अझै पनि छेडागाड बासीले स्थानीय तहको काम कर्तव्य र अधिकार ,र स्थानीय सरकार जनताको सरकार गाउँ गाउँमा सिंहदरबार समृद्ध छेडागाड हाम्रो भविष्य जस्ता सकारात्मक शब्दहरूको प्रयोग गरेर अशिक्षित जनतामाथि रजाई जमाइरहेका नगरपालिका माथिको प्रश्न चिन्ह उनी जस्ता विद्यार्थीहरूले सधैं गरिरहने नै छन् ।

यस्तो प्रवृत्तिको अन्त्य जबसम्म चेतनशील समाजको निर्माण गर्न सकिँदैन शिक्षित समाज निर्माण गर्न सकिँदैन र स्थानीय संयन्त्रलाई बुझाउन सकिँदैन तबसम्म रहिरहनेछ र उनी जस्तै तमाम विद्यार्थीहरुले पीडा भोगिरहनु पर्नेछ । राजनीतिक पहुँचबाट पछाडि परेका नाता र कृपावाद जस्ता प्रवृत्तिसँग प्रत्यक्ष पहुँच राख्न नसक्ने उक्त विद्यार्थीहरू कहिलेसम्म यी पीडाबाट ग्रसित हुने, यो वास्तविक समस्याको समाधान कसले गर्ने, सम्बन्धित माथिल्लो निकायले हेरविचार गर्ने वा नगर्ने यी तमाम प्रश्नहरू सदैव खडा रहनेछन् ।

अन्ततः स्थानीय सरकार जनताको सरकार हो जो सदैव जनताप्रति जन उत्तरदायी हुनुपर्दछ । यस्ता विकृति र विसंगति पालेर बस्नु उक्त विकृति र विसंगतिमाथि स्थानीय आम जनमानसले प्रश्न चिन्ह खडा गर्न नसक्नु, अथवा प्रश्न चिन्ह खडा गराउन नदिनु, अथवा खडा भएका प्रश्न चिन्हलाई समेत दबाएर राख्नु, अशिक्षित व्यक्तिमाथि प्रभुत्व जमाउनु यी तमाम समस्याले आज पनि छेडागाड नगरपालिका ग्रसित छ । तर बोल्दिने कोही पनि छैन, त्यहाँ बोल्नेलाई धम्काइन्छ थर्काइन्छ तर उनी पीडित विद्यार्थी कसैको डर धाक र धम्कीदेखि डराउनु भन्दा पनि यथार्थलाई बाहिर निकाल्न अझै कोसिस गरिरहनेछन् । ती पीडित विद्यार्थी त्यही नगरपालिकाको स्थानीय व्यक्ति खेम प्रसाद आचार्य हुन।जो लुम्बिनी बौद्ध विश्वविद्यालय मा कानुन अध्यान गरिरहेका छन् ।

# कानुनमा सुविधा, व्यवहारमा विभेद

**कााँक्रेविहार संवाददाता**
धनगढी, २९ असार

सार्वजनिक यातायातमा अपाङ्गता भएका व्यक्तिका लागि सरकारले ५० प्रतिशत भाडा छुट, आरक्षित सिट र समान व्यवहारको व्यवस्था गरे पनि ती सुविधा व्यवहारमा प्रभावकारी रूपमा कार्यान्वयन हुन नसकेको गुनासो बढ्दै गएको छ ।

सुदूरपश्चिमका विभिन्न जिल्लाका अपाङ्गता भएका व्यक्तिले सार्वजनिक यातायात प्रयोगका क्रममा दैनिक रूपमा विभेद र असहजता भोग्नुपरेको बताएका छन् ।

अपाङ्गता भएका व्यक्तिहरूका अनुसार सार्वजनिक बसका चालक तथा सहचालकले परिचयपत्र देखाउँदा पनि सरकारले तोकेको भाडा छुट नदिने, गाडी नरोक्ने, आरक्षित सिट उपलब्ध नगराउने तथा अपमानजनक व्यवहार गर्ने गरेका छन् ।

कतिपय अवस्थामा चढ्न र ओर्लिन पर्याप्त समयसमेत नदिइने भएकाले धेरैले सार्वजनिक यातायात प्रयोग गर्नै छाडेको बताएका छन् । दृष्टिविहीन, ह्विलचेयर प्रयोगकर्ता तथा श्रवण र शारीरिक अपाङ्गता भएका व्यक्तिका लागि अधिकांश सार्वजनिक सवारी अझै अपाङ्गमैत्री बन्न सकेका छैनन् ।

बसमा र्‍याम्प, हातेबार तथा सहज पहुँचका अन्य संरचना नहुँदा उनीहरू अरूको सहयोगमा यात्रा गर्न बाध्य छन् । यसले शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक गतिविधिमा समेत नकारात्मक असर परेको उनीहरूको भनाइ छ ।

नेपालको संविधान र अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन, २०७४ ले अपाङ्गता भएका व्यक्तिलाई सम्मानजनक व्यवहार, सार्वजनिक सेवामा सहज पहुँच र विभेदरहित सेवा सुनिश्चित गरेको छ । तर अधिकारकर्मीहरूका अनुसार समस्या कानुनको अभावमा होइन, कार्यान्वयनको कमजोरीमा रहेको छ ।

ट्राफिक प्रहरीले चालक तथा सहचालकलाई सबै यात्रुसँग सम्मानजनक व्यवहार गर्न निर्देशन दिइने, आरक्षित सिटको व्यवस्था लागू गराइने तथा उजुरीका आधारमा कारबाही गरिने जनाएको छ । यद्यपि अपाङ्गता भएका व्यक्तिमाथि हुने दुर्व्यवहारलाई लक्षित छुट्टै व्यवस्था भने नरहेको बताइएको छ ।

राष्ट्रिय जनगणना २०७८ अनुसार सुदूरपश्चिम प्रदेशमा करिब ६९ हजार छ सय ७७ जना अपाङ्गता भएका व्यक्ति रहेका छन्, जुन प्रदेशको कुल जनसंख्याको २.६ प्रतिशत हो ।

अधिकारकर्मीहरूले सार्वजनिक यातायातलाई अपाङ्गमैत्री बनाउने, चालक-सहचालकलाई नियमित संवेदनशीलता तालिम दिने, ५० प्रतिशत भाडा छुट र आरक्षित सिटको कडाइका साथ कार्यान्वयन गर्ने तथा नियमित अनुगमन बढाउन सम्बन्धित निकायसँग माग गरेका छन् ।

उनीहरूका अनुसार कानुनमा व्यवस्था भएका अधिकार व्यवहारमा लागू भए मात्र अपाङ्गता भएका व्यक्तिले सम्मानपूर्वक र सहज रूपमा सार्वजनिक सेवा उपयोग गर्न सक्नेछन् ।

## बर्खामा...

सिंघोलाघाट, नुनथला घाट, पात्लेखोलामा दुई वटा र सेर्माघाटमा एउटा पुल निर्माण गरेको गाउँपालिकाका अध्यक्ष जोकलाल बुढा मगरले जानकारी दिए ।

पालिकाका छ वटै वडामा बाह्रै महिना यातायात संचालनका लागि अझै पाँच स्थानमा पुल निर्माण गर्न आवश्यक रहेको उनको भनाइ छ ।

अध्यक्ष बुढामगरका अनुसार चालु आर्थिक वर्षमा पुल बनेपछि वडा नम्बर ५ खुङ्खानीमा बाह्रै महिना सवारीसाधान चल्न सक्ने भएको छ । वडा नम्बर ६ को नर्जाखानी पुग्न बागमानघाट, वडा नम्बर ३ को तमान र वडा नम्बर ४ को लाम्मेला पुग्न धोमैघाट पुल बनाउनुपर्ने अध्यक्ष बुढामगरले बताए ।

तमानखोला गाउँपालिका-६ का अध्यक्ष चित्रबहादुर छन्त्यालले पालिकाको केन्द्र बोङ्गादोभानदेखि वडा कार्यालयसम्म आउनका लागि छ स्थानमा पुल तर्नुपर्ने बताए ।

अहिलेसम्म छ वटामध्ये हालसम्म पाँच स्थानमा पुल तथा कल्भर्ट बनेको भन्दै अब बागमानघाटमा पुल बन्यो भने बाह्रै महिना सहज रुपमा पालिका पुग्न सकिने उनले बताए ।

सूचना, समाचार तथा विज्ञापनको लागि
९८५१३४४७५४ मा सम्पर्क गर्नुहोला ।

# डोल्पामा ५१ प्रतिशत बालविवाह




❑ कांक्रेविहार संवाददाता
डोल्पा, २९ असार

हिमाली जिल्ला डोल्पाका त्रिपुरासुन्दरी र ठूलीभेरी नगरपालिकामा गरिएको एक अध्ययनले बालविवाह अझै गम्भीर सामाजिक समस्याका रूपमा रहेको देखाएको छ।

अध्ययन अनुसार यी दुई स्थानीय तहमा भएका विवाहमध्ये ५१ प्रतिशत २० वर्ष नपुग्दै भएका छन् भने बालविवाहमध्ये ९९ प्रतिशत प्रेम सम्बन्धका कारण भएको पाइएको छ।

प्लान इन्टरनेशनल नेपाल र समाज जागरण केन्द्र (स्याक)ले सन् २०२४-२०२५ मा गरेको अध्ययन प्रतिवेदन त्रिपुरासुन्दरी नगरपालिकामा आयोजित 'बालअधिकार संरक्षण तथा बालविवाह अन्त्यको मार्गचित्र' सम्बन्धी कार्यक्रममा सार्वजनिक गरिएको हो।

प्रतिवेदनले अभिभावकले गराइदिने परम्परागत बालविवाह घट्दै गए पनि किशोर-किशोरीको स्वेच्छिक प्रेम सम्बन्धका कारण हुने बालविवाह बढ्दो क्रममा रहेको उल्लेख गरेको छ।

अध्ययन अनुसार सर्वेक्षणमा समेटिएका विवाहमध्ये २८ प्रतिशत १८ वर्षभन्दा कम उमेरमा र २३ प्रतिशत १८ देखि १९ वर्षको उमेरमा भएका छन्। बालिकामा जोखिम झन् बढी देखिएको छ।

३३ प्रतिशत बालिका र २३ प्रतिशत बालकले २० वर्ष नपुग्दै विवाह गरेको तथ्यांक सार्वजनिक गरिएको छ। बालविवाह गरेका किशोरीमध्ये ३४ प्रतिशत गर्भवती भएको अध्ययनले देखाएको छ।

कम उमेरमै गर्भधारण गर्दा आमा र शिशु दुवैको स्वास्थ्यमा गम्भीर जोखिम हुने भन्दै यसतर्फ विशेष ध्यान दिनुपर्ने प्रतिवेदनमा उल्लेख छ।

अध्ययनले कानुनी कार्यान्वयन पनि प्रभावकारी हुन नसकेको देखाएको छ। २० वर्षअघि विवाह गर्नेमध्ये करिब ७५ प्रतिशतले विवाह दर्ता नगरेको र ६६ प्रतिशतले बालविवाहसम्बन्धी घटनामा औपचारिक उजुरी नगरेको पाइएको छ। यो अध्ययन त्रिपुरासुन्दरी र ठूलीभेरी नगरपालिकाका दुई सय दुई घरधुरीमा गरिएको थियो।

सर्वेक्षणमा एक सय छ महिला र ९६ पुरुष सहभागी थिए। कार्यक्रममा सहभागीहरूले सन् २०३० सम्म त्रिपुरासुन्दरी नगरपालिकालाई बालविवाहमुक्त पालिका बनाउने लक्ष्यसहित कार्ययोजना अघि बढाउने प्रतिबद्धता जनाएका छन्।

बालविवाह न्यूनीकरणका लागि कार्यदल र सल्लाहकार समिति गठन गरिएको छ भने स्थानीय सरकार, सरोकारवाला निकाय र समुदायबीच समन्वय बढाएर कानुनी कार्यान्वयन र जनचेतना अभियानलाई प्रभावकारी बनाइने जनाइएको छ।

# कोहलपुरमा दुई हजार चार सय बिरूवा रोपिए

❑ कांक्रेविहार संवाददाता
बाँके २९ असार



कोहलपुरमा वातावरण संरक्षण, हरियाली विस्तार र सामुदायिक वनको दिगो व्यवस्थापन गर्ने उद्देश्यले वृहत् वृक्षारोपण अभियान सञ्चालन गरिएको छ। कोहलपुर नगरपालिका नौ स्थित उषा हरियाली सामुदायिक वन उपभोक्ता समूहको क्षेत्रमा आइतबार आयोजित कार्यक्रममा विभिन्न प्रजातिका करिब दुई हजार चार सय बिरुवा रोपिएको हो।

स्ट्यान्डर्ड चार्टर्ड बैंकको आर्थिक सहयोग, क्लिन अप नेपालको समन्वय तथा एट बिलियन ट्रीज नेपालका निर्देशक हेमन्तराज काफ्लेको व्यवस्थापनमा सञ्चालन गरिएको अभियान अन्तर्गत महुवा, अर्जुन, हर्रो, सतिसाल, अमला, सितलचिनी, जामुन र खयरलगायतका बिरुवा रोपिएका छन्।

कार्यक्रमका प्रमुख अतिथि लुम्बिनी प्रदेश सरकारका आन्तरिक मामिला तथा कानुनमन्त्री भण्डारीलाल यादवले वातावरण संरक्षणका लागि वृक्षारोपण अभियानलाई निरन्तरता दिनुपर्नेमा जोड दिए उनले हरियाली विस्तारले जलवायु परिवर्तनका असर न्यूनीकरणसँगै भावी पुस्ताका लागि स्वच्छ वातावरण निर्माणमा टेवा पुग्ने बताए।

विशेष अतिथि पूर्व अर्थसचिव डा. कृष्णहरि बाँस्कोटाले वन संरक्षण, जैविक विविधता र कार्बन प्राइसिङको महत्वबारे चर्चा गर्दै वनको संरक्षण आर्थिक तथा वातावरणीय दुवै दृष्टिले आवश्यक रहेको धारणा राखे।

कार्यक्रममा नेपाली कांग्रेस बाँकेका जिल्ला सचिव सुधांशु कोइरालाले सामुदायिक वनमा फलफूलका बिरुवा रोप्न प्राथमिकता दिनुपर्ने सुझाव दिनुभयो भने नागरिक समाजका संयोजक कृष्णप्रसाद श्रेष्ठले वन संरक्षणका लागि स्थानीय सरकार, समुदाय र सरोकारवाला निकायबीच सहकार्य आवश्यक रहेको बताए। वडाध्यक्ष उपेन्द्रनाथ योगीले सामुदायिक वन संरक्षणसँगै स्थानीय पूर्वाधार विकासमा पनि ध्यान दिनुपर्ने आवश्यकता औँल्याए। उनले डुडुवा नदीका कारण वर्षायाममा स्थानीयवासीले भोग्दै आएको आवतजावतको समस्या समाधानका लागि सम्बन्धित निकायको ध्यानाकर्षण गराए।

'सामुदायिक वन जोगाऔँ, हरियाली बढाऔँ, सुखी समृद्धि बनाऔँ' भन्ने नारासहित सम्पन्न कार्यक्रममा जनप्रतिनिधि, वनकर्मी, सामाजिक अभियन्ता, उपभोक्ता तथा स्थानीयवासीको उल्लेखनीय सहभागिता रहेको थियो।

आयोजकका अनुसार यस्ता अभियानले वातावरण संरक्षण, सामुदायिक वनको विकास र स्थानीयस्तरमा हरित चेतना अभिवृद्धि गर्न महत्वपूर्ण योगदान पुऱ्याउने अपेक्षा गरिएको छ।

# मुगुलाई पूर्ण खोप जिल्ला घोषित

❑ कांक्रेविहार संवाददाता
मुगु, २९ असार

पुनः पूर्ण खोप सुनिश्चित तथा दिगोपना जिल्ला घोषणा गरिएको छ। जिल्लाका चारवटै स्थानीय तहमा लक्षित उमेर समूहका सबै बालबालिकाले राष्ट्रिय खोप कार्यक्रम अन्तर्गत आवश्यक सबै खोप प्राप्त गरेको पुष्टि भएपछि आइतबार विशेष कार्यक्रममार्फत घोषणा गरिएको हो।

जिल्ला खोप समन्वय समितिका अध्यक्ष मञ्जनबहादुर कार्कीका अनुसार जिल्लाका चारै स्थानीय तहले पूर्ण खोप सुनिश्चित तथा दिगोपनासम्बन्धी सबै मापदण्ड पूरा गरेपछि मुगुलाई पुनः पूर्ण खोप सुनिश्चित जिल्ला घोषणा गरिएको हो। यसअघि पनि मुगु २०७५ सालमा पहिलोपटक पूर्ण खोप सुनिश्चित जिल्ला घोषणा भएको थियो। त्यसयता दिगोपनाका मापदण्डअनुसार नियमित अनुगमन र मूल्याङ्कन गर्दै यो अभियानलाई निरन्तरता दिइँदै आएको छ।

स्वास्थ्य कार्यालयका अनुसार हाल जिल्लामा १५ महिनामुनिका एक हजार दुई सय १४ जना बालबालिकाले नियमित खोप सेवा लिइरहेका छन्।




त्यस्तै, १६ देखि ५९ महिनासम्मका सात सय ४१ जना बालबालिकाले राष्ट्रिय खोप कार्यक्रमअन्तर्गत तोकिएका सबै खोप प्राप्त गरेका छन्।

पालिकागत विवरण अनुसार छायानाथ रारा नगरपालिकामा चार सय ९१ जना, सोरु गाउँपालिकामा दुई सय ६४ जना, खत्याड गाउँपालिकामा दुई सय ५४ जना तथा मुगुमकार्मारोङ गाउँपालिकामा एक सय पाँच जना १५ महिनामुनिका बालबालिका नियमित खोपको पहुँचमा रहेका छन्। त्यसैगरी, १६ देखि ५९ महिनासम्मका बालबालिकामध्ये छायानाथ राराामा तिन सय सोस्मा एक सय ७७, खत्याडमा दुई सय छ र मुगुमकार्मारोङमा ५८ जनाले पूर्ण खोप प्राप्त गरेको पुष्टि भएको छ ।

जिल्लाका चारवटै स्थानीय तह र ४५ वटै वडाले पूर्ण खोप सुनिश्चित तथा दिगोपनासम्बन्धी मापदण्ड पूरा गरेपछि पुनः जिल्ला घोषणा गरिएको हो। राष्ट्रिय खोप कार्यक्रम अन्तर्गत जन्मेदेखि १५ महिनाभित्रका बालबालिकालाई बीसीजी, पोलियो, रोटा, एफआईपीभी, पीसीभी, डीपीटी हेपाटाइटिस बी-हिब, दादुरा-रुबेला तथा जापानी इन्सेफ्लाइटिसलगायत १४ प्रकारका रोगविरुद्ध ११ प्रकारका खोप निःशुल्क उपलब्ध गराइँदै आएको छ।

स्वास्थ्यकर्मीहरूले पूर्ण खोप अभियानले बालबालिकालाई विभिन्न संक्रामक रोगबाट जोगाउनुका साथै जिल्लामा बालस्वास्थ्य सुधार गर्न महत्वपूर्ण भूमिका खेलेको बताएका छन्।

# विशेषज्ञ चिकित्सक नहुँदा शल्यक्रिया बन्द

❑ कांक्रेविहार संवाददाता
सल्यान, २९ असार

विशेषज्ञ चिकित्सकको अभावका कारण सल्यान जिल्ला अस्पतालमा सिजेरियनसहित विभिन्न शल्यक्रिया सेवा प्रभावित भएका छन्।

अस्पतालले सार्वजनिक सूचना जारी गर्दै एमडीजीपी (MDGP) र स्त्रीरोग तथा प्रसूति विशेषज्ञ (Gynecologist) चिकित्सकको पद रिक्त रहेकाले शल्यक्रिया सेवा अस्थायी रूपमा बन्द भएको जनाएको छ।

अस्पतालका अनुसार हाल सिजेरियन शल्यक्रिया, पाठेघरसम्बन्धी शल्यक्रिया (हिस्टेरेक्टोमी), एपेन्डिसाइटिस, हर्निया तथा अन्य सामान्य शल्यक्रिया सञ्चालन गर्न सकिएको छैन।

विशेषज्ञ चिकित्सक नहुँदा आकस्मिक शल्यक्रिया आवश्यक पर्ने बिरामी र सुरक्षित प्रसूति सेवा लिन आउने गर्भवती महिला सबैभन्दा बढी प्रभावित भएका छन्।

सेवा बन्द भएपछि उपचारका लागि



बिरामीलाई सुर्खेत, नेपालगञ्जलगायत अन्य जिल्लाका अस्पतालमा रिफर गर्नुपर्ने अवस्था सिर्जना भएको अस्पतालले जनाएको छ। यसले बिरामी र आफन्तलाई लामो दूरी यात्रा गर्नुपर्ने, थप आर्थिक खर्च व्यहोर्नुपर्ने तथा समयमै उपचार नपाउँदा स्वास्थ्य जोखिम बढ्ने समस्या निम्तिएको छ।

अस्पताल प्रशासनले जिल्लामै सहज र गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउन सम्बन्धित निकायसँग रिक्त विशेषज्ञ चिकित्सकको पद तत्काल पूर्ति गर्न आग्रह गरेको छ।

आवश्यक जनशक्ति उपलब्ध भएपछि शल्यक्रिया सेवा पुनः नियमित रूपमा सञ्चालन गरिने अस्पतालको भनाइ छ। सेवा पुनः सञ्चालन नहुँदासम्म शल्यक्रिया आवश्यक पर्ने बिरामीलाई आवश्यक परामर्शसहित सुविधा सम्पन्न अस्पतालमा रिफर गरिने जानकारी पनि अस्पतालले दिएको छ।

आकस्मिक स्वास्थ्य समस्या देखिएमा ढिलाइ नगरी नजिकको स्वास्थ्य संस्था वा रिफर गरिएका अस्पतालमा सम्पर्क गर्न सर्वसाधारणलाई आग्रह गरिएको छ।

जिल्लाको प्रमुख सरकारी स्वास्थ्य संस्थाका रूपमा रहेको सल्यान जिल्ला अस्पतालमा विशेषज्ञ चिकित्सकको अभाव दोहोरिँदै आएपछि स्थानीयवासीले स्थायी रूपमा विशेषज्ञ चिकित्सकको व्यवस्था गरी जिल्लामै शल्यक्रिया तथा सुरक्षित प्रसूति सेवा नियमित सञ्चालन गर्न सम्बन्धित निकायसँग माग गरेका छन्।

डिजिटल युगको विश्वसनीय आवाज
www.kankrebihar.com

सु.जि.प्र.का.द.नं. १३/२०५७/०५८
ह.नि.सु.द.नं. ०१/२०८२/०८३

# खल्तीमा डिजिटल कार्ड सुविधा




❑ **काँक्रेविहार संवाददाता**
काठमाडौं, २९ असार

आइएमई खल्ती लिमिटेड (खल्ती) ले स्मार्ट च्वाइस टेक्नोलोजिज लिमिटेड-एससिटीसँगको सहकार्यमा डिजिटल भिसा कार्ड सेवा सार्वजनिक गरेको छ। यो सेवा खल्ती काड्र्स इकोसिस्टम अन्तर्गत सार्वजनिक गरिएको पहिलो कार्ड सेवा हो।

खल्ती काड्र्स खल्तीको एकीकृत कार्ड प्लेटफर्म हो, जसअन्तर्गत आगामी दिनहरूमा प्रयोगकर्ताको आवश्यकता र विभिन्न प्रयोगका उद्देश्यलाई मध्यनजर गर्दै थप डिजिटल तथा भौतिक कार्ड सेवाहरू सार्वजनिक गर्ने योजना रहेको छ।

'डिजिटल भिसा कार्डको सुरुवातसँगै अब खल्ती प्रयोगकर्ताहरूले बिना भौतिक कार्ड मोबाइलबाटै तत्काल सुरक्षित ई-कमर्स कारोबार गर्न सक्नेछन्। यो कार्ड प्रयोग गर्दा खल्ती वालेटमा रहेको मौज्दात रकमबाट सहज रूपमा भुक्तानी गर्न सकिनेछ।

साथै, कार्ड प्रयोग गर्दा खल्ती वालेटमा पर्याप्त मौज्दात नभएको अवस्थामा भुक्तानी प्रक्रिया पूरा गर्न लिंक गरिएको प्राथमिक बैंक खाताबाट रकम स्वतः भुक्तानी हुने नयाँ सुविधा समेत उपलब्ध गराइएको छ।

**३ महिनासम्म निःशुल्क र आकर्षक अफरहरू**

डिजिटल भिसा कार्ड सेवा सुरुवातको अवसरमा खल्तीले ग्राहकहरूका लागि विशेष अफरहरू सार्वजनिक गरेको छ।

निःशुल्क कार्ड सुविधाःसम्पूर्ण ग्राहकहरूका लागि पहिलो ३ महिनासम्म यो डिजिटल कार्ड पूर्ण रूपमा निःशुल्क उपलब्ध गराइएको छ।

कार्ड सक्रियता सुविधाःकार्ड सुचारु गर्नासाथ ग्राहकले १,००० दामी पोइन्ट्स र रु. १,२०० सम्मका विभिन्न क्यासब्याक तथा अन्य सुविधाहरू प्राप्त गर्नेछन्।

ई-कमर्स कारोबारमा क्यासब्याकः प्रयोगकर्ताहरूले प्रत्येक ई-कमर्स कारोबारमा ०.७५ प्रतिशतसम्म क्यासब्याक प्राप्त गर्न सक्नेछन्।

**१ मिनेटमै कार्ड तयार**

खल्तीका प्रयोगकर्ताले एपभित्रै एक मिनेटभन्दा कम समयमा यो कार्ड सक्रिय गरी तत्कालै प्रयोग गर्न सक्नेछन्।

कहाँ-कहाँ प्रयोग गर्न सकिन्छः कार्ड जारी भएकै मितिदेखि दराजलगायतका विभिन्न इ-कमर्स प्लेटफर्म, एयरलाइन्स टिकटिङ, होटल तथा ट्राभल बुकिङ, फूड डेलिभरी र भिसा भुक्तानी स्वीकार गर्ने जुनसुकै अनलाइन सेवाहरूमा यसबाट सहजै भुक्तानी गर्न सकिनेछ।

सेवा सुरुवात गरेको अवसरमा खल्तीका प्रमुख कार्यकारी अधिकृत (सीईओ) प्रवीण रेग्मीले बताए।

"खल्ती डिजिटल भिसा कार्डले नगदरहित अर्थतन्त्र निर्माण, औपचारिक डिजिटल कारोबार वृद्धि, इ-कमर्स क्षेत्रको विस्तार तथा डिजिटल वित्तीय साक्षरताको प्रवर्द्धनमा योगदान पुर्‍याउने अपेक्षा गरेका छौं। यसले डिजिटल नेपाल अभियानको लक्ष्यलाई व्यवहारिक रूपमा अगाडि बढाउँदै हरेक नेपालीलाई डिजिटल भुक्तानी इकोसिस्टमसँग जोड्ने अवसर प्रदान गर्नेछ।"

**पूर्ण नियन्त्रण र उच्च सुरक्षा मापदण्ड**

सुरक्षाको दृष्टिले खल्ती डिजिटल भिसा कार्डलाई अत्याधुनिक सुरक्षा मापदण्ड अनुसार डिजाइन गरिएको छ। यसअनुसार विशिष्ट नियन्त्रण, कार्ड नम्बर, सीभीभी र एक्सपायरी डेटजस्ता संवेदनशील विवरणहरू प्रयोगकर्ताले आवश्यक पर्दा मात्र हेर्न र अरू बेला हाइड गर्न सक्नेछन्।

त्यस्तै इन्स्टेन्ट लकको पनि सुविधा छ। यसअनुसार कुनै शंकास्पद गतिविधि देखिएमा वा आवश्यक नपर्दा प्रयोगकर्ता आफैंले एपबाटै तत्काल कार्डलाई लक वा डिसेबल गर्न सक्नेछन्। यस सुविधाले प्रयोगकर्तालाई आफ्नो कार्ड र पैसामाथि शत-प्रतिशत नियन्त्रण प्रदान गर्दै सुरक्षित डिजिटल कारोबारको प्रत्याभूति दिन्छ।

# गगनले भने- सरकारकै योजनामा गाडी तेर्स्याइयो




❑ **काँक्रेविहार संवाददाता**
काठमाडौं, २९ असार

प्रमुख प्रतिपक्षी नेपाली कांग्रेसका सभापति गगन थापाले सञ्चारमाध्यम, व्यावसायिक प्रतिष्ठान र आफ्नो समेत घरमा सरकारकै योजनामा गाडी तेर्स्याइएको बताएका छन् ।

उनले रातोपुलस्थित आफ्नो पुरानो घर जाने बाटोमा गाडी राखेर आवतजावत अवरुद्ध गरिएको भन्दै त्यसमा पनि सरकारको संलग्नता रहेको आशंका व्यक्त गरेका छन्।

थापाले सोमबार बिहान करिब ७ बजे दुई जना व्यक्ति आएर घरको मुखमै गाडी पार्क गरेका बताएका छन्।

स्थानीय बासिन्दाले दिएको जानकारी उद्धृत गर्दै उनले गाडी राख्ने व्यक्तिहरू त्यसपछि प्रशासनको गाडी चढेर गएको देखेको बताएका छन्। उनले स्थानीयले दिउँसै उक्त घटनाबारे जानकारी गराएको उल्लेख गर्दै यसमा सबैभन्दा अचम्मलाग्दो पक्ष सरकार स्वयं संलग्न भएको जस्तो देखिएको आरोप लगाए।

# वर्षाले पनि रोकेन मिटरब्याजपीडितको पैदल यात्रा



❑ **काँक्रेविहार संवाददाता**
काठमाडौं, २९ असार

गत बिहीबारदेखि जनकपुरधामबाट काठमाडौंतर्फ पैदल हिँडेका मिटरब्याजपीडितहरू निरन्तर वर्षाका बीच सोमबार बाराको पथलैयाहुँदै निजगढ आइपुगेका छन्।

सरकारसँग भएका सहमतिहरू कार्यान्वयन नभएको भन्दै मिटरब्याजपीडितहरूले फेरि एकपटक न्यायको माग गर्दै काठमाडौंसम्मको पैदल यात्रा सुरु गरेका हुन्।

मिटरब्याजविरुद्ध किसान-मजदुर आन्दोलनको केन्द्रीय आयोजनामा असार २५ गतेदेखि जनकपुरधामको तिरहुतिया गाछीबाट सुरु भएको 'मिटरब्याजविरुद्ध पैदल न्याय मार्च-३' अहिले मधेश प्रदेश पार गर्दै बागमतीतर्फ अघि बढिरहेको छ।

## उद्योग खारेजीको सूचना

**सूचना प्रकाशित मिति : २०८३/०३/३०**

उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, सुर्खेत (साविक घरेलु तथा साना उद्योग विकास समितिको कार्यालय) मा म/हामी **श्री चम्पा सुनार** धनी रहेको, **दर्ता नम्बर** ९३२२/०७८/०७९ बाट **भेरीगंगा-८, सुर्खेत** मा संचालन हुने गरी दर्ता श्रेस्ता कायम रहेको **प्रिन्सा खाजाघर एण्ड कटेज** नामको प्राइभेट साझेदारी उद्योग मेरो हाम्रो घरायसी/आर्थिक कारणले खारेजी गर्नुपर्ने भएको हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो ३५ (पैंतीस) दिने सूचना प्रकाशन गरिएको छ। यस उद्योगसँग कोही कसैको कुनै प्रकारको बाँकी रहेको भए सूचनाको म्यादभित्र सोको प्रमाण सहित उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, सुर्खेत समक्ष लिखित रुपमा दावी गर्न हुन कर्णाली प्रदेश औद्योगिक व्यवसाय नियमावली २०७९ को नियम १२ को उपनियम (२) बमोजिम जानकारी गराइन्छ ।




काँक्रेविहार प्रकाशन प्रा.लि.द्वारा प्रकाशित, प्रधान कार्यालय : वीरेन्द्रनगर-६, सुर्खेत, फोनः ०८३-५९०१११/९८५१३४४७५४/९८६४८८०६००, **Email :** ekankrebihardaily@gmail.com, **web :** kankrebihar.com
सम्पादक : सुशीलराज शर्मा, कार्यकारी सम्पादक : नविन सुवेदी, मुद्रण : मिसन अफसेट प्रेस (बाँके), ग्लोबल अफसेट प्रेस (सुर्खेत)